कर्णाली प्रदेशको पहिलो दैनिक

# काँक्रेविहार

राष्ट्रिय दैनिक

www.kankrebihar.com




राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १९२ | शनिवार, १२ वैशाख, २०८३ | Saturday, 25 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

# सुर्खेतमा रोकिएनन् बालविवाहका घटना

## पाँच वर्षमा २१७ उजुरी, १० वटा मात्रै मुद्दाका रुपमा दर्ता

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ११ वैशाख

कर्णाली प्रदेश राजधानी जिल्ला सुर्खेतमा बालविवाहसम्बन्धी उजुरी बढ्दो क्रममा देखिएको छ। तर उजुरी संख्याको तुलनामा मुद्दा दर्ता निकै कम देखिएका छन्।

आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ को चैत महिनासम्म पछिल्लो पाँच वर्षको अवधिमा जिल्लामा कुल २१७ वटा उजुरी परेका हुन्। तर उजुरीमध्ये जम्मा १० वटा मात्रै मुद्दाका रूपमा दर्ता भएका छन् भने बाँकी सबै उजुरीमा अभिभावकले जिम्मा लिने प्रतिबद्धता जनाउँदै उजुरी फिर्ता गराएका हुन्। जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार सामाजिक दबाब, पारिवारिक सहमति र चेतनाको कमीका कारण धेरैजसो घटना कानुनी प्रक्रियामा अघि बढ्न सकेका छैनन्। उपलब्ध विवरणअनुसार आर्थिक वर्ष २०७८/७९ मा २७ उजुरी परेका थिए। जसमा २६ वटाको अभिभावकले जिम्मा लिदाँ एउटा मात्रै मुद्दा दर्ता भएको थियो। त्यसपछिको वर्ष २०७९/८० मा उजुरी संख्या बढेर ५८ पुगेको थियो। अभिभावकले ५३ वटाको जिम्मा लिएपछि बाँकी पाँच वटा मात्रै मुद्दा दर्ता भएका थिए। आर्थिक वर्ष २०८०/८१ मा उजुरी ४९ मा घटेको भए पनि अभिभावकले जिम्मा लिनेको संख्या ४७ पुगेको थियो। भने मुद्दा दर्ता संख्या घटेर दुईमा सीमित भयो। त्यसैगरी २०८१/८२ मा ३८ उजुरीमा ३६ वटा अभिभावकले जिम्मा लिएपछि दुई वटा मुद्दा दर्ता भएको तथ्याङ्कमा उल्लेख छ।

चालु आर्थिक वर्ष २०८२/८३ को चैत्र महिनासम्मको अवधिमा उजुरी पुनः बढेर ४५ पुगेको छ। यो संख्या अँझै बढ्ने क्रममा देखिन्छ। यी सबै उजुरीमा अभिभावकले जिम्मा लिएका छन्। यस वर्षहालसम्म मुद्दा दर्ता भएको छैन। यसरी हेर्दा उजुरीको संख्या स्थिर नरहे पनि अधिकांश घटनाहरू अभिभावकको जिम्मामा मिलाइने प्रवृत्ति बढ्दै गएको देखिन्छ। औपचारिक मुद्दा दर्ता घट्दै जानुले वैकल्पिक समाधान वा मेलमिलापलाई प्राथमिकता दिइएको हुन सक्ने अनुमान छ।

बालअधिकारकर्मीहरूले यस अवस्थाले बालविवाह नियन्त्रणमा चुनौती थपिएको बताएका छन्। उनीहरूले उजुरीलाई कानुनी प्रक्रियामा लैजान र दोषीलाई कारबाही गर्न स्थानीय तह, प्रहरी र समुदायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएका छन्।

साथै जनचेतना अभिवृद्धि र कडा कानुनी कार्यान्वयनलाई प्राथमिकता दिनुपर्ने




अधिकारकर्मी अनिता नेपालीले बताइन्। 'धेरैजसो बालबालिका सम्बन्धी विवादहरू औपचारिक उजुरीको चरणमै नपुगी सिधै मुद्दा दर्तामा जान्छन्' उनले भने, 'केही अवस्थामा पीडित पक्षले सीधै कानुनी प्रक्रिया रोज्ने हुँदा उजुरी दर्ता नगरी अदालत वा सम्बन्धित निकायमा मुद्दा दर्ता गर्ने प्रवृत्ति देखिन्छ।'

सबैले उजुरी दिने प्रक्रिया, यसको महत्व र उपलब्ध सेवाबारे पर्याप्त जानकारी नपाउँदा उजुरी दर्ता कम हुन गरेको उनी बताउँ छन्। यसले गर्दा समस्या भए पनि मानिसहरू औपचारिक रूपमा उजुरी गर्न अघि नबढ्ने गरेको उनको भनाइ छ।

'सामाजिक दबाब र पारिवारिक प्रतिष्ठाको डरले पनि उजुरी कम हुने गरेको पाइन्छ' उनले थपिन्, 'बालबालिकासँग सम्बन्धित विषयहरू संवेदनशील हुने भएकाले परिवारले बाहिर ल्याउन नचाहने र गोप्य रूपमा समाधान खोज्ने प्रवृत्ति हुन्छ।'

धेरै घटनाहरू स्थानीय स्तरमै मेलमिलाप वा अभिभावक जिम्मा मार्फत समाधान हुने भएकाले औपचारिक उजुरी दर्ता हुने अवस्था कम रहेको छ। उजुरी संख्या कम देखिनु भनेको समस्या कम हुनु भन्दा पनि प्रक्रियागत, सामाजिक र संरचनागत कारणले औपचारिक उजुरी दर्ता कम भएको पनि हुनसक्छ।

### २० वर्ष नपुग्दै विवाह गर्ने दर ४३.६ प्रतिशत

कर्णालीमा अझै पनि धेरै किशोरीहरू उमेर नपुग्दै विवाह गर्ने गरेको तथ्यांकले देखाउँछ। राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णालीमा २० वर्ष नपुग्दै विवाह गर्ने दर ४३.६ प्रतिशत रहेको छ, जसमा महिला ५५.६ प्रतिशत र पुरुष २९.२ प्रतिशत छन्।

यस्तै कर्णालीमा १५ वर्ष नपुग्दै विवाह गर्ने दर २ प्रतिशत रहेको छ, जसमा महिला ३.१ प्रतिशत र पुरुष ०.६ प्रतिशत छन्। यो दर राष्ट्रिय स्तरमा १.९ प्रतिशत छ। भने १८ वर्ष नपुग्दै विवाह गर्ने दर कर्णालीमा २०.१ प्रतिशत रहेको छ, जसमा महिला २९ प्रतिशत र पुरुष ९.५ प्रतिशत छन्। राष्ट्रिय स्तरमा यो दर १४.१ प्रतिशत (महिला २१.९ प्रतिशत र पुरुष ५ प्रतिशत) रहेको छ।

बालविवाह अन्त्य गरी बालिकालाई घर वा विद्यालय फर्काउनु ठूलो चुनौती रहेको सरोकारवालाहरूले बताएका छन्। कर्णाली प्रदेशका सरोकारवाला निकायहरूले सबै तह र निकायको समन्वयबिना बालविवाह न्यूनीकरण गर्न कठिन रहेको निष्कर्ष निकालेका हुन्।

वीरेन्द्रनगरमा आयोजित बालविवाह, बाल यौन दुर्व्यवहार तथा बालबालिका ओसारपसार रोकथाम र बाल अधिकार सम्बन्धी कार्यशालामा सहभागीहरूले यस्तो धारणा व्यक्त गरेका हुन्। कानुनले बालविवाहलाई निषेध गरे पनि समाजमा यसको प्रचलन अझै कायम रहेको बताइएको छ। प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षमा कर्णालीका १० जिल्लामा सयौं बालविवाह भए पनि जम्मा दुई वटा मात्र मुद्दा दर्ता भएका छन्।

वीरेन्द्रनगर नगरपालिकाको आयोजना र ब्याकवार्ड सोसाइटी एजुकेशन (बेस) को सहयोगमा कार्यक्रम सम्पन्न भएको हो। संस्थाका कर्णाली प्रदेश संयोजक जिवराज लम्सालले कर्णालीसहित लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बालविवाह न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिए।

संस्थाका कार्यक्रम संयोजक पिंकी डाँगीले बालविवाह न्यूनीकरण गर्न स्थानीय तहबीच समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड दिइन्। संस्थाले बालविवाह न्यूनीकरणको पहलकदमी सुरु गरेको उल्लेख गर्दै महिला सशक्तिकरण, समतामूलक समाज निर्माण र आयआर्जजनमुलक सिप हस्तान्तरणका कार्यक्रम भइरहेको जानकारी दिइन्।

कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले बालविवाह अन्त्यका लागि सबै निकायको संयुक्त प्रयास आवश्यक रहेको बताए। बालविवाह, बाल यौन दुर्व्यवहार, बालबालिका ओसारपसार तथा सामाजिक सञ्जालमार्फत हुने हिंसाका विषयमा कानून प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताए।

केन्द्रीय बालकल्याण परिषद् सदस्य इन्द्रादेवी ढकालले तीनै तहका सरकारले आवश्यकताअनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने बताइन्। बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा अधिकारमा नकारात्मक असर पार्ने भएकाले यसलाई कानुनी र सामाजिक अपराधका रूपमा लिनुपर्ने उनको भनाइ थियो।

नेपाल सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने लक्ष्यसहित राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८२ लागू गरेको छ। संविधान, बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका कानुनहरू कार्यान्वयनमा रहेका छन्।

वीरेन्द्रनगर नगरपालिका सामाजिक विकास समिति सभापति टिका कुमारी घलेले टोल विकास समितिसँग सहकार्य गरेर बालविवाह न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिइन्। स्थानीय तहमा बाल अधिकार संरक्षणका विभिन्न संयन्त्र भए पनि सबै ठाउँमा ती प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको उनले स्वीकार गरिन्।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, बाल अधिकार समितिका पदाधिकारी तथा सरोकारवालाहरूलाई कानुनी र नीतिगत अभिमुखीकरण गरी संस्थागत क्षमता विकास गर्नुपर्नेमा जोड दिइएको थियो।

# कर्मचारी दलीय गतिविधिमा संलग्न भए भविष्यमा समेत अयोग्य ठहरिने गरी बर्खास्त हुने

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ वैशाख

सरकारले निजामती कर्मचारीलाई राजनीतिक दलसँग आबद्ध हुन पूर्ण रूपमा प्रतिबन्ध लगाएको छ। शुक्रबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको निजामती सेवा विधेयकको मस्यौदामा सो व्यवस्था गरिएको छ।

मन्त्रालयले विधेयकको मस्यौदामा सात दिने संसोधन माग गरेको छ। 'राजनीतिक दल, राजनीतिक दलको भ्रातृ संगठन, जनवर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध संगठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिने,' मस्यौदाको नयाँ व्यवस्थाको बुदाँ नम्बर ४८ मा उल्लेख गरिएको छ।

# आफ्नै गीतको प्रस्तुतिमा प्रहरी महानिरीक्षक कार्की भावुक बनेपछि...

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ११ वैशाख

नेपाल प्रहरी संगठन प्रमुख प्रहरी महानिरीक्षक दान बहादुर कार्कीले शुक्रबार वीरेन्द्रनगरस्थित नेपाल पुलिस स्कुलको भवन उद्घाटन गरे। त्यस क्रममा कार्कीकै रचना गरेको गीत 'आम म त फर्केर आएँ..'बोलेको गीतमा विद्यार्थीले प्रस्तुति राखे।

'आमा म तफर्केर आएँ..
खरानीबाट उठेर आएँ..'

उनीहरुले प्रहरीकै पोसाक प्रस्तुति राखेका थिए। कार्कीले गत भदौको जेनजी आन्दोलनपछि यो गीतको रचना गरेका थिए।

मञ्चमा विद्यार्थीले निकै गहन तरिकाले प्रस्तुति हेर्दै गर्दा सोफामा बसिरहेका कार्की एकाएक भावुक देखिए। उनले आफ्ना आँखाका आँसु थाम्न सकेनन्।

उनीसँगै रहेका अन्य विभिन्न क्षेत्रका प्रतिनिधिहरूले पनि उक्त प्रस्तुतिलाई निकै आकर्षक मानेर हेरिरहेका थिए ।

यसैबिच प्रहरी प्रमुख कार्कीले कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेत परिसरमा निर्माण गरिएको सिनियर प्रहरी अधिकृत निवासको भवनको पनि उद्घाटन गरेका छन्।

# देशभरका वास्तविक सुकुमबासीलाई जग्गा वितरण हुन्छ : प्रधानमन्त्री बालेन

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ११, वैशाख



प्रधानमन्त्री बालेन शाहले देशभरका वास्तविक सुकुमबासीहरूको पहिचान गरी यथाशक्य चाँडो जग्गा वितरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। आफ्नो आधिकारिक फेसबुक पेजमा शुक्रबार एक स्टाटस लेख्दै प्रधानमन्त्री शाहले वर्षौंदेखिको सुकुमबासी समस्याको स्थायी समाधान गर्ने सरकारको तयारी रहेको स्पष्ट पारेका हुन्।

नदीकिनारमा बसोबास गर्नेहरूको सुरक्षा र उपत्यकाको ढल निकास प्रणाली सुधारका लागि उनीहरूको स्थानान्तरण आवश्यक रहेको प्रधानमन्त्रीको भनाइ छ। उनले भने, 'हरेक वर्षको बाढीका कारण काठमाडौँका नदीकिनारमा रहेका मानिसहरूले ज्यान जोगाउन सामान छोडेर भाग्नुपर्ने नियति छ। उनीहरूलाई जोखिमरहित सुरक्षित स्थानमा व्यवस्थापन गर्नु नागरिकको अधिकार हो।' थापाथली, गैरीगाउँ र मनोहरा लगायतका क्षेत्रमा रहेका बस्तीहरूलाई मानवीयतालाई ख्याल गर्दै र बल प्रयोग नगरी सुरक्षित रूपमा स्थानान्तरण गर्न लागिएको प्रधानमन्त्रीले जानकारी दिए। उनले भने, 'यी बस्तीहरूका कारण ढल निकासमा अवरोध पुग्दा काठमाडौँ फोहोर र नदीहरू दुर्गन्धित भएका छन्। त्यसैले यो स्थानान्तरण उपत्यकाको सौन्दर्य र व्यवस्थापनका लागि अपरिहार्य छ।'

**सुकुमबासी बस्ती हटाउने विषयमा बोले बालेन**

प्रधानमन्त्री शाहले सुकुमबासी समस्या समाधान गर्ने विषय आफ्नो चुनावी वाचा र सरकारको १०० दिने कार्ययोजनामा समेत समेटिएको स्मरण गराए। उनले भने, 'झापामा उम्मेदवार हुँदा गरेको वाचा, राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिबद्धता र सरकारको '१०० वटा गर्नै पर्ने काम' अन्तर्गत सुकुमबासी व्यवस्थापन र सरकारी जग्गा अतिक्रमण रोक्ने बुँदा हामीले बिर्सिएका छैनौं।' प्रधानमन्त्री शाहले अतिक्रमणकारी र वास्तविक सुकुमबासीबीच सरकारले फरक छुट्ट्याउने विश्वास दिलाएका छन्। 'काठमाडौँका खोला किनार र देशका अन्य भागको समस्या फरक-फरक छन्। हामी अतिक्रमणकारी र सुकुमबासी छुट्ट्याएरै छाड्छौं र वास्तविक पीडितहरूका लागि प्रक्रिया पुऱ्याएर जग्गा वितरण गर्छौं,' उनले भने।

# लागु औषधविरुद्ध विशेष अप्रेशन, एक सय २७ जना पक्राउ

**काँक्रेविहार संवाददाता**
बाँके, ११, वैशाख




जिल्ला प्रहरी कार्यालय बाँकेले लागुऔषधको बिक्री-वितरण, सेवन तथा ओसारपसारविरुद्ध नेपालगञ्ज र कोहलपुरमा विशेष अप्रेशन सञ्चालन गरेको छ। वैशाख नौ गते साँझदेखि सुरु गरिएको उक्त अभियानमा एक सय २७ जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय बाँकेका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक रमेश विष्टका अनुसार प्राप्त विशेष सूचनाका आधारमा दुवै सहरका विभिन्न स्थानमा अप्रेशन सञ्चालन गरिएको हो।

उनका अनुसार लागुऔषध कारोबारसँगै होटलहरूमा हुने अनैतिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई पनि नियन्त्रणमा लिइएको छ। प्रहरीका अनुसार पक्राउ परेकामध्ये एक सय ११ जना लागुऔषध सेवन, बिक्री-वितरण र ओसारपसारमा संलग्न छन् भने १६ जना होटलमा अनैतिक क्रियाकलापमा संलग्न रहेको पाइएको छ।

पक्राउ परेकामध्ये वीरेन्द्रनगर नगरपालिका नौ सुर्खेतका साहिल नेपालीलाई सात दिन र वडा नं. १३ का चन्द्र नेपालीलाई १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। यसैगरी दुई जना होटल सञ्चालकलाई जिल्ला प्रशासन कार्यालय बाँकेबाट ७ दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ। अन्य लागुऔषध सेवनकर्तालाई भने अभिभावकको जिम्मा लगाई परामर्श दिइएको प्रहरीले जनाएको छ।

नेपालगञ्ज पछिल्ला वर्षहरूमा ब्राउनसुगर लगायत लागुऔषधको 'हब' बन्दै गएको सुरक्षा निकायहरूको भनाइ छ। सीमापारि भारतीय बजार रुपैडियाबाट लागुऔषध भित्र्याई बाँकेका सहरी तथा ग्रामीण क्षेत्रमा वितरण हुने गरेको पाइएको छ। प्रहरीले लागुऔषध नियन्त्रणका लागि विशेष अभियान निरन्तर सञ्चालन गर्दै आएको छ। पछिल्लो समय ग्रामीण क्षेत्रमा समेत युवापुस्ता उच्च जोखिममा रहेको सुरक्षा निकायको निष्कर्ष छ।

# शनिवार

# पूर्वाधार निर्माण क्षेत्रको संरचनात्मक रूपान्तरण



ई. श्रीराम ढकाल

हाम्रो विकास प्रशासनले सार्वजनिक निर्माणको महत्त्वपूर्ण सारथिका रूपमा निजी क्षेत्रलाई अङ्गीकार गरेको छ । पूर्वाधार निर्माणको योजना र ठेक्का व्यवस्थापनमात्र सरकारी निकायहरूले गर्छन् भने बाँकी सम्पूर्ण कार्यहरू ठेक्का प्रणालीका आधारमा निजी क्षेत्रले गर्छ । योजनाको विस्तृत अध्ययन र डिजाइन इन्जिनियरिङ परामर्शदातृ फर्महरूले गर्छन् भने वास्तविक निर्माण कार्यहरू निर्माण व्यवसायी कम्पनीहरूले गर्छन् । निर्माण उद्योगका दुई खम्बाका रूपमा रहेका यी दुवै खाले कम्पनीहरूले आफ्ना कार्यहरू प्रभावकारी र व्यवस्थित रूपले कार्यान्वयन गर्न सकेमात्र निर्माण कार्य सही रूपले सञ्चालन हुन सक्छ ।

पूर्वाधार विकासको मौजुदा प्रणाली सुधारको बहसमा अक्सर खरिद ऐनलाई नै बाधक मान्ने गरिन्छ तर खरिद ऐनको चस्माले मात्र निर्माण उद्योगको समस्या समाधान हुँदैन । ठेक्का व्यवस्थापनमा सुधारको गुञ्जायस छ तर ठेक्का प्रणालीमा सुधारले मात्र हाम्रो समग्र निर्माण क्षेत्रको संस्थागत क्षमता विकासको प्रश्न हल हुन सक्दैन ।

खासमा हाम्रो निर्माण क्षेत्रले जनअपेक्षाबमोजिमका निर्माण कार्यहरू गर्न असफल रहनुमा हाम्रा निर्माणसम्बद्ध दुवै उपक्षेत्र इन्जिनियरिङ परामर्श तथा निर्माण कम्पनीमा संस्थागत क्षमताको अभाव प्रमुखरूपमा जिम्मेवार छन् ।

संस्थागतरूपले सक्षम हुनुभन्दा आजका दिनमा हाम्रा निर्माण तथा परामर्श कम्पनीहरू 'व्यक्ति विशेषका स्वरोजगार फर्म' जस्तामात्र छन् जसले आजको व्यवस्थित र द्रूत निर्माणको आवश्यकतालाई सम्बोधन गर्न सक्दैनन् ।

पुँजीगत निर्माण कार्यको विनियोजित बजेट खर्चमा समेत हरेक वर्ष भइरहेको न्यून प्रगति पनि निर्माण उद्योगको संस्थागत क्षमतासँग प्रत्यक्ष सम्बन्धित छ ।

हामीकहाँ निर्माण क्षेत्र अत्यधिक साना र विखण्डित निर्माण कम्पनीहरूको उपस्थितिले ग्रस्त रहँदै आएको छ । हालसम्म दर्ता भएका निर्माण कम्पनीहरूको सङ्ख्या करिब १५ हजार हाराहारीमा छ तर निर्माण कार्यका लागि संस्थागत क्षमतामा कमजोर छन् ।

कामको निरन्तर उपलब्धता र सुनिश्चितता नहुँदा कम्पनीहरूले स्थायी जनशक्ति र उपकरणमा लगानी गर्नसकेका छैनन् । फलस्वरूप, आयोजना विशेषका लागि खोजिएका अस्थायी कर्मचारी र भाडाका मेसिनबाट काम चलाउने प्रवृत्ति मौलाएको छ ।

आफू टिक्नकै लागि न्यून मूल्यमा ठेक्का लिने 'लो बिडिङ' को प्रवृत्तिका कारण अधिकांश व्यवसायीहरू एकआपसमा लडी मर्ने प्रतिस्पर्धा (थ्रोट कटिङ कम्पिटिसन) को मारमा छन् भने लिएको काम पनि आन्तरिक क्षमता अभावका कारण चरणबद्ध सबकन्ट्र्याक्टिङ र पेटी ठेक्कामा अरूलाई जिम्मा लगाउने प्रवृत्ति व्याप्त छ ।

यसले गर्दा कामको गति र गुणस्तर दुवै खस्किएको छ । यस क्षेत्रले मर्यादित रोजगारी सिर्जना गर्नुको साटो बदनामी र अक्षमता मात्र खेपिरहेको छ । निर्माण कार्यले ठूलो सङ्ख्यामा जनशक्ति खपत गर्न सक्ने र देशको बेरोजगारी समस्या समाधानमा ठूलै भरथेग हुन सक्ने अवस्था हुँदाहुँदै पनि हाल उपयोग भइरहेका जनशक्तिहरू मौसमी कामदारको रूपमा मात्र रहेका छन् । निरन्तर र मर्यादित रोजगारीको परिपूर्ति पनि यो क्षेत्रले गर्नसकेको छैन ।

त्यस्तै समस्या इन्जिनियरिङ परामर्श क्षेत्रमा पनि व्याप्त छ । हालसम्म करिब ५ हजार जति इन्जिनियरिङ परामर्शदातृ कम्पनी तथा फर्महरू दर्ता भएका छन् । परामर्शदातृ कम्पनीहरूको सङ्ख्याका तुलनामा अवसरहरूको उपलब्धता न्यून हुँदा कामको सुनिश्चितताको अभावले कम्पनीहरूले विज्ञ इन्जिनियरिङ जनशक्ति आवश्यक सङ्ख्यामा राख्नुको साटो प्रशासनिक कर्मचारीसहित २-३ जनाकै भरमा संस्था सञ्चालन गर्ने परिपाटी छ ।

काम लिनका लागि आफूसँग आबद्ध नभएका विज्ञ इन्जिनियरिङ जनशक्तिको विवरण देखाउने तर वास्तविक काममा बजारमा उपलब्ध सस्तो जनशक्ति प्रयोग भइरहेका कारण निर्माण परियोजनाका डिजाइन, इस्टिमेटलगायतका अध्ययनहरू यथार्थपरक र सफल भइरहेका छैनन् ।

फलस्वरूप निर्माण चरणमा परियोजनाहरूको डिजाइन परिवर्तन गर्नुपर्ने तथा लागत र समय बढ्ने समस्याहरू देखा परिरहेका छन् । अध्ययन र डिजाइन कार्यका अवसर कम हुँदा एकातिर कम्पनीहरूको गुणस्तरीय सेवाका लागि संस्थागत क्षमता न्यून छ भने अर्कोतिर उनीहरूले बजारमा उपलब्ध इन्जिनियरहरूलाई आधारभूत रोजगारीका अवसरहरूसमेत दिनसकेका छैनन् ।

यसैगरी नयाँ फर्महरू स्थापना हुने तर सोबमोजिम कामको उपलब्धता नहुँदा आफू टिक्न जसरी पनि काम लिनुपर्ने बाध्यताले 'लो बिडिङ' यतातिरको पनि पेचिलो समस्या बनेको छ । यसबाट राम्रो संस्थागत व्यवस्था र गुणस्तरीय कामलाई प्राथमिकतामा राख्ने अब्बल सोचका परामर्श कम्पनीहरू पनि खराब इकोसिस्टमका कारण टिक्न नसक्ने अवस्थामा छन् ।

विकसित देशहरूमा इन्जिनियरिङ परामर्शदातृ कम्पनीहरूले ठूलो सङ्ख्यामा इन्जिनियरिङ जनशक्तिलाई रोजगारी दिएका हुन्छन् तर हामीकहाँ यो क्षेत्र व्यवस्थितरूपमा विकास हुन नसक्दा देशमा उत्पादित इन्जिनियरिङ जनशक्तिमध्ये ठूलो सङ्ख्या बेरोजगार छ भने धेरै अब्बल इन्जिनियरहरू विदेश जान बाध्य हुन्छन् ।

राज्यको यथोचित क्षेत्रगत नियमनको व्यवस्था नहुँदा यसले दक्ष जनशक्तिको अपेक्षाकृत आकारसहितको सक्षम, प्रतिस्पर्धी र कर्पोरेट इन्जिनियरिङ परामर्श कम्पनीहरूको विकासमा बाधा उत्पन्न गरेको छ ।

यसबाहेक निर्माण सामग्रीको उपलब्धता, जग्गा प्राप्ति, रुख कटान तथा विकासका कार्यमा सरकारी निकायहरूबिचका समन्वयात्मक गतिविधि जस्ता बहुक्षेत्रगत अन्तरसम्बन्धित विषयमा भइरहेका विभिन्न उल्झनहरू पनि पूर्वाधार विकासमा समस्याका रूपमा रहेका छन् । यी सबै समस्याहरूलाई नीतिगत तहबाट सम्पूर्णतामा हल नगरेसम्म हाम्रो पूर्वाधार निर्माण क्षेत्रले फड्को मार्ने सम्भावना छैन ।

पूर्वाधार निर्माण उद्योगको विकासको मार्गचित्र (रोडम्याप)

व्यवस्थित पूर्वाधार विकासका लागि हालको भद्रगोल अवस्थालाई सुधार्न अब राज्यले निर्माणको 'लाइसेन्स बाँड्ने' काममात्र गरेर पुग्दैन । निर्माण क्षेत्रसम्बद्ध 'एक्टर'हरूलाई समग्रतामा व्यवस्थित नियमनमार्फत सक्षम निर्माण उद्योगको रूपमा विकास गर्न निम्न नीतिगत सुधारहरू गरिनुपर्छ -

व्यवस्थित इजाजत प्रणालीको विकास - निर्माण कम्पनीहरू र परामर्शदातृ इन्जिनियरिङ कम्पनीहरू धेरै सङ्ख्याका झोले फर्मको रूपमा रहनुभन्दा सीमित सङ्ख्यामा कर्पोरेट र सक्षम संस्थाको रूपमा रहनु स्वस्थकर हुन्छ । यसका लागि निर्माण व्यवसायसम्बन्धी हालको फितलो ऐनलाई संशोधन या पुनर्लेखन गरी इजाजत प्रणालीलाई सुदृढ बनाउने, निर्माणसम्बद्ध कम्पनी तथा फर्महरूको प्रभावकारी नियमनमार्फत व्यावसायिक तथा संस्थागत प्रतिस्पर्धी क्षमताको विकास गर्नु आवश्यक छ । यसले निर्माण क्षेत्रलाई कर्पोरेट संस्कृतितर्फ उन्मुख गर्दै स्रोतसाधन सम्पन्न, प्रतिस्पर्धी र उत्तरदायी संस्थाहरूको विकास गर्नेछ । वास्तवमा ऐन नियमहरू यसरी बनाउनु आवश्यक छ कि निर्माण कम्पनीहरूले दक्ष जनशक्ति, आवश्यक प्रविधि तथा उपकरणहरू र समग्र संस्थागत क्षमता विकास गर्न आफैँ उत्प्रेरित हुने 'इन्सेन्टिभ स्ट्रक्चर' को विकास होओस् ।

परामर्शका हकमा हालसम्म इजाजत नै नचाहिने अवस्था तथा निर्माण कम्पनीहरूको विद्यमान खुकुलो इजाजत व्यवस्थालाई परिमार्जन गरी न्यूनतम पुँजी, आवश्यक उपकरण र स्थायी प्राविधिक जनशक्ति भएकालाई मात्र सरकारी ठेक्काहरूमा संलग्न हुन पाउने इजाजत दिनु वाञ्छनीय हुन्छ । साना फर्महरूलाई गाभिएर वा अन्य वित्तीय औजार हरूको अवलम्बन गरेर ठूलो र क्षमतावान् बन्न प्रोत्साहित गर्नुपर्छ । यसो हुँदा हरेक व्यक्तिले नयाँ कम्पनी खोल्नतिर लाग्नुभन्दा स्थापित ठूला कम्पनीहरूमा आफ्नो क्षमताबमोजिमको मर्यादित रोजगारको रूपमा जोडिनसक्ने अवस्था हुन सक्छ । कमाइबिनाको कम्पनीको मालिक हुनुभन्दा मर्यादित आयसहितको सक्षम 'व्यवस्थापक' या दक्ष प्राविधिक अधिकारीको रूपमा कम्पनी र आफ्नो लागि मूल्य अभिवृद्धि गर्नसक्ने अवस्था रहन्छ । यसो हुँदा हालका हजारौँको सङ्ख्याका कम्पनीहरू केही सय हाराहारीको सङ्ख्याका तर बृहत् आकार र क्षमताका संस्थामा आइपुग्ने आधार तयार बन्छ ।

यसले अस्वस्थ प्रतिस्पर्धालाई नियन्त्रण गरेर एकातिर ठेक्कामा न्यून कबोल (लो बिडिङ) गर्ने कम्पनीहरूको हालको बाध्यतालाई धेरै हदसम्म निर्मूल गर्छ भने अर्कोतिर ठूला र कर्पोरेट लगानीकर्ताहरूलाई यस क्षेत्रमा लगानीका लागि आकर्षित गर्छ ।

सशक्त नियामक निकायको व्यवस्था - बैंकहरूको लागि राष्ट्र बैंक र बिमाका लागि प्राधिकरण भएजस्तै निर्माण क्षेत्रका लागि पनि एक शक्तिशाली नियामक निकाय आवश्यक छ । जसले इन्जिनियरिङ परामर्शदातृ फर्म तथा निर्माण कम्पनीहरूको प्राविधिक क्षमता, वित्तीय स्थिति र कार्यसम्पादनको वार्षिकरूपमा नियमित अडिट तथा 'ट्र्याकिङ' गरोस् र तिनको विवरण अनलाइन सूचना प्रणालीद्वारा व्यवस्थित गरोस् । यसकै आधारमा ठेक्का मूल्याङ्कन गर्दा कम्पनीहरूको क्षमताको परीक्षणसमेत गर्न सकिन्छ । निर्माण कम्पनीहरूलाई विभिन्न स्तरमा वर्गीकरण गरेर सोबमोजिमका अवसर र नियमनको व्यवस्था गर्न सकिन्छ ।

हालको 'निर्माण व्यवसाय प्रवर्द्धन परिषद्' लाई प्रस्तावित निर्माण व्यवसाय ऐन संशोधनमार्फत विस्तृतीकरण तथा पुनर्संरचना गरी यस्तो नियामक निकायको व्यवस्था गर्न सकिन्छ । यसमा हाल निर्माणसम्बद्ध कुनै ठेक्का विशेषमा मात्र कम्पनीहरूको मूल्याङ्कन गर्नुभन्दा कम्पनीहरूको समग्रतामा कार्यसम्पादनको अनुगमन र मूल्याङ्कन हुने अवस्थाको निर्माण गर्नुपर्छ । यस्तो नियामक निकायले कम्पनीहरूको नियमित अनुगमन र अडिटसहित हरेक आयोजनाको कार्यहरूको ट्र्याकिङ गर्न सक्छ । समग्रतामा खराब प्रदर्शन गर्ने र कामको गुणस्तरमा लापरबाही गर्ने कम्पनीको इजाजत खारेज गर्ने र कालोसूचीमा राख्ने काम यस्तो निकायले नै गर्न सक्छ । यसबाहेक यसले निर्माण सामग्रीको उपलब्धतालाई सुनिश्चित गर्न सम्भाव्यताको अध्ययनबाट निश्चित क्षेत्रहरू तोकेरै निर्माण सामग्रीको व्यवस्थित उत्खननको नीतिगत व्यवस्था तथा व्यवस्थित मापदण्डसहित क्रसर उद्योगहरूको नियमनसमेत गर्नेछ ।

जनशक्तिको पेसागत सुरक्षा - देशको महत्त्वपूर्ण आर्थिक क्षेत्रको रूपमा रहेको हुँदा निर्माण क्षेत्र एउटा ठूलो उद्योगको रूपमा रहेको हुन्छ जसको उत्पादनको रूपमा नयाँ पूर्वाधारहरूको विकास रहन्छ भने ठूलो संख्याका जनशक्तिलाई रोजगारी दिलाउने यसको क्षमता रहेको हुन्छ । तर हालको प्रणालीमा यस क्षेत्रमा रोजगारीमा स्थायित्व र मर्यादित सेवाको अवसर नदेखिएका कारण यता धेरैको आकर्षण देखिएको छैन । तर व्यवस्थित नियमन गर्ने हो भने कम्पनीहरू सबल र ठूलो क्षमताका कर्पोरेट निकायको रूपमा विकास हुने हुँदा ती संस्थाका लागि चाहिने उच्च तथा मध्यम तहका कर्पोरेट व्यवस्थापकदेखि बहुविधाका इन्जिनियर, अडिटर, लेखापाल, आयोजनासम्बद्ध व्यवस्थापक, उपकरण अपरेटर तथा काम विशेषका मिस्त्री तथा ज्यामीहरूको ठूलो सङ्ख्यालाई यस क्षेत्रले रोजगारी दिन सक्छ । यी रोजगारीलाई मर्यादित बनाउन तथा पेसागत सुरक्षाको अभिवृद्धि गर्न प्रस्तावित नियामक निकायले कर्मचारीको स्थिरता, स्तरीकरण, स्तरअनुसारको तलबमान, बैङ्किङ भुक्तानी तथा पेसागत उन्नयनका विषयमा मापदण्डहरू बनाई कार्यान्वयन गराउन आवश्यक छ जसले गर्दा ठूलो जनशक्तिलाई निर्माण क्षेत्रमा आकर्षित गरी राष्ट्र निर्माणमा उपयोग गर्न सकिन्छ । यसले गर्दा देशको बेरोजगारीको समस्यालाई हल गर्न ठूलो टेवा पुग्छ ।

यसका अतिरिक्त निर्माण उद्योगमा इन्जिनियरिङ जनशक्तिको महत्त्वपूर्ण भूमिका हुने हुँदा इन्जिनियरिङ परिषद्को भूमिकालाई प्रभावकारीरूपमा विस्तार गरी क्षमतावान् र सशक्त इन्जिनियरिङ जनशक्ति परिचालनमा नवीन प्रणालीको व्यवस्था गर्नुपर्छ । फिल्डमा खटिने कर्मचारीको क्षमता तथा मनोबल उकास्न यथोचित पेसागत उन्नयन तथा आर्थिक प्रोत्साहनका प्याकेज उपलब्ध गराउनुका साथै यस क्षेत्रमा व्याप्त अनियमिततालाई जरैदेखि उखेल्न संस्थागत पहल गरिनुपर्छ । वातावरणीय अध्ययन, जग्गा प्राप्ति तथा अदालती अवरोधजस्ता विषयमा हुने उल्झनहरूलाई बहुक्षेत्रात्मक नीतिगत सुधारहरूमार्फत निर्माण क्षेत्रको नियामक निकाय र राज्यका सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय र सहकार्यको वातावरण निर्माण गरी कार्यान्वयन पाटोलाई चुस्त बनाउनुपर्छ ।

ङ खरिद ऐनमा सुधार - हालको सार्वजनिक खरिद ऐनमा सार्वजनिक खरिद अनुगमन कार्यालयको भूमिका ठेक्का लगाउने प्रक्रियामा सार्वजनिक निर्माण कार्यालयहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउनेमात्र छ । यसको सट्टामा निर्माण व्यवसाय ऐनमा निर्माण उद्योगको सशक्त नियामक निकायको व्यवस्था गर्नुपर्छ र त्यसलाई खरिद ऐनसँग पनि तादात्म्य मिलाउनुपर्छ । खरिद ऐनका कतिपय प्रावधानहरूले ठेक्का प्रणाली तथा निर्माण कार्यहरूलाई ढिला गराइरहेको अवस्थामा अनलाइन ठेक्का प्रणाली लागु भइरहेको वस्तुगत अवस्थालाई दृष्टिगत गरी ऐन संशोधनका माध्यमबाट समय अवधिहरू छोट्याउन आवश्यक छ ।

आयोजना प्रमुखलाई यथेष्ट जिम्मेवारी र अधिकार प्रदान गरी आयोजनाका विविध निर्णयहरूलाई छिटोछरितो हुने वातावरण बनाउनुका साथै गुणस्तरीय र समयमै निर्माण सम्पन्न गराउन नेतृत्व गरेकोमा पुरस्कृत गर्ने व्यवस्था गर्नुपर्छ । उनीहरूको तलब भत्ता लगायतका सुविधालाई कम्तीमा कर्पोरेट व्यवस्थापकहरूको सरह बनाएर निजी क्षेत्रका निर्माण कम्पनीहरूसँग आर्थिक लोभलालचभन्दा माथि रहनसक्ने गरी उत्पेरणाको संरचना (इन्सेन्टिभ स्ट्रक्चर)को व्यवस्था ऐनमै हुनुपर्छ । तैपनि बदमासी गर्नेलाई कानुनद्वारा यथेष्ट दण्डसजायको भागीदार बनाउनु त अपरिहार्य नै छ ।

यसका अतिरिक्त खरिद ऐनमा स्वदेशी निर्माण कम्पनीहरूको क्षमता अभिवृद्धिका लागि अति विशिष्ट कार्यहरूमा बाहेक विदेशी निर्माण कम्पनीहरूलाई प्रोत्साहन नगर्ने नीति आवश्यक छ । यसले ठूला ठेक्काहरूमा डलरमा हुने ठूलो धनराशि खर्च हुनबाट रोक्नेछ भने नाममात्रका अन्तर्राष्ट्रिय निर्माण कम्पनी देखाई स्वदेशी निर्माण क्षेत्रले नै गरिरहेको काममा स्वदेशी निर्माण कम्पनी नै प्रत्यक्ष संलग्न भई राष्ट्रिय क्षमता विकास गर्न ठूलो टेवा पुऱ्याउँछ । विदेशी प्रविधि र क्षमता आवश्यक पर्ने विशिष्टीकृत निर्माणका ठेक्काहरूमा सुरुमा मात्र यस्तो प्रावधान राखी स्वदेशी संस्था तथा कम्पनीहरूमा सीप हस्तान्तरणलाई अनिवार्य गरिनुपर्छ । ताकि त्यस्ता निर्माण कार्यहरू त्यहाँ उप्रान्त स्वदेशी क्षमतामै बन्न सकून् ।

निष्कर्ष

अतः व्यवस्थित निर्माण उद्योग नै समृद्ध नेपाल निर्माणको मेरुदण्ड हो तर यो क्षेत्र बहुआयामिक समस्याहरूबाट गुज्रिरहेको छ । पूर्वाधार विकासमा फड्को मार्न हालसम्म सक्षम नभएकोमा निर्माण व्यवसायीहरू तथा समग्र निर्माण क्षेत्रलाई गाली गरेरमात्र समाधान निस्कँदैन । समस्या हामीले अपनाएको प्रणालीमै छ भन्ने बुझ्नु आवश्यक छ ।

जबसम्म हामी 'झोले फर्म' संस्कृतिलाई विस्थापित गरेर निर्माण कम्पनी तथा इन्जिनियरिङ परामर्शदातृ कम्पनीहरूमा व्यावसायिक कर्पोरेट संस्कृति भित्र्याउन सक्दैनौँ तबसम्म आधुनिक पूर्वाधार विकासको सपना अधुरै रहन्छ ।

नेपालमा हालको आम चुनावमार्फत राजनीतिकरूपमा प्राप्त अद्वितीय अनुकूल वातावरणको उपयोग गरी प्रभावकारी प्रणाली निर्माण गर्न सकियो भने आगामी दशकमा देशले पूर्वाधार विकासमा ऐतिहासिक उपलब्धि हासिल गर्न सक्छ ।

यसले आर्थिक अभिवृद्धिलाई तीव्र बनाउँदै नागरिकहरूको जीवनस्तरमा कायापलट गर्नेछ । तर, यसका लागि दृढ राजनीतिक इच्छाशक्ति र सुधारको सही मार्ग पछ्याउन अत्यावश्यक छ । राज्यले यस क्षेत्रका समस्याको वास्तविक जरो पहिल्याएर प्रभावकारी नीतिगत हस्तक्षेपमार्फत नियमनकारी भूमिकालाई सशक्त बनाउँदै निर्माण क्षेत्रलाई मर्यादित, जिम्मेवार र क्षमतावान् बनाउन अब ढिला गर्नुहुन्न ।

(सिभिल तथा यातायात ईन्जिनियर / सार्वजनिक नीति अध्येता)

# प्रधानमन्त्री बालेनलाई शुद्ध मनले सल्लाह- करूणायुक्त सरकारको छनक दिनुस्



नारायण गाउँले

भदौ २३ को साँझ राज्यको बन्दुकबाट १९ जना आमाहरूले आफ्ना कलिला सन्तान गुमाएका थिए !

त्यो हृदयविदारक चित्र यसरी हरेक आमाको मुटुभित्र पुग्यो कि हरेक आमालाई आफ्नै सन्तान गुमेजस्तो लाग्यो ! त्यो बेलुका कुनै एक आमाको मन यस्तो थिएन, जो नदुखेको होस्, विक्षिप्त नभएको होस् !

बौद्धिक भनिने संसारमा ती बच्चा त्यहाँ कसले लग्यो, किन लग्यो जस्ता बहस चले । पहिले गोली चल्यो कि जल्यो भन्ने वक्तृत्वकला चल्यो ! एजेन्डा र घोषणापत्रका फण्डा चले । तर, आमाहरूको मनमा त्यो चित्रबाहेक अरू केही चलेन । अन्य कुनै पनि तर्क, बहस र भाष्यले त्यो चित्र र त्यसमा लागेको रातो रङ्ग पखालेन । त्यसको परिणाम त चुनावमा पनि देखियो ! कहिलेकाहीँ कुनै घटना, कुनै चोट र दृश्य यति कारुणिक हुन्छन् कि तिनको विश्लेषण गर्दा पनि घाउ थपिने डरले हामी चुपचाप हुन्छौँ ! तर्कशास्त्रभन्दा टाढा हुन्छौँ ! सही र गलतभन्दा बाहिर हुन्छौँ ! त्यस्तै भयो । तपाईंको सरकारले गर्न चाहेका काम राम्रा छन् र अपवादबाहेक नीयत पनि ठीक छ भन्ने मजस्ता धेरैलाई लाग्छ ! यसअघि एक महिनासम्म प्रधानमन्त्री र दुई तीन मन्त्रीमात्रै हुन्थे । कुन स्वार्थ समूहले कसलाई कुन मन्त्री बनाउने भन्ने कसरत गरिरहेको हुन्थ्यो । बालुवाटारमा भ्रातृसङ्गठनले खादामाला बोकेर दिनहुँ बधाई दिइरहेका हुन्थे ।शपथ खाएको केही घण्टामै लगभग सिङ्गो मन्त्रीम ण्डल बन्यो । कार्ययोजना बाहिर आयो ! महत्त्वपूर्ण नियुक्तिहरू भए प्रधानमन्त्रीले देशभरका निर्वाचित सांसदहरूसँग भेटेर वास्तविक समस्या बुझ्न खोजे । प्रदेशका मुख्यमन्त्रीसँग सघन छलफल भयो । बोल्नेभन्दा सुन्ने काम बढी भयो । हरेक दलका महत्त्वपूर्ण चुनाबी प्रतिबद्धतालाई सम्मान गरेर सकेसम्म समेट्ने कस्तो सुन्दर प्रतिबद्धता आयो ! कार्यालयमा कर्मचारी भेटिने अनौठो घटना देखिन थाल्यो । केही काम साँच्चिकै छिटोछरितो सम्पन्न हुन थालेको अनुभव भयो !

तर राम्रो गर्ने चाहनामा, केही गरिहाल्ने छटपटीमा र अलिकति प्रारम्भिक उत्तेजनामा सरकारको काम र विधि-पद्धतिबीच तालमेल नमिलेको जस्तो, तैयारी नै नगरी निर्णय भएजस्तो र दूरदृष्टि भन्दा क्षणिक तुष्टीकरणतिर लागेजस्तो अनुभव पनि हुँदै गएको छ । अलिकति परिपक्वता र अनुभवको अभाव हो कि भन्ने लाग्न थालेको छ । अदालतले त सङ्केत नै गरेको छ । दुई मन्त्रीको बहिर्गमन होस् या देशभर स्कुल सञ्चालनमा देखिएको भद्रगोल होस्, अलि हतारिएको स्पष्ट देखिन्छ । संसदको अधिवेशन बोलाउने जस्तो गम्भीर विषयमा पनि होमवर्क नपुगेजस्तो देखिनु उचित होइन !

भुल्न नहुने के छ भने यो सरकारसँग पाँच वर्षको समय छ, र कसैले रौँसमेत हल्लाउन नसक्ने गणित पनि छ ! एउटा-दुईवटा खुद्रा काम होइन, सिस्टम निर्माणतिर लाग्ने र आफू भए पनि नभए पनि भोलि काम नरोकिनेतिर सोच्न सक्ने अवसर छ !

बालेनजी,

खुद्रा कामले हल्ला बढाउँछ । हल्लाले डिस्ट्र्याक्सन बढाउँछ । त्यसपछि गर्न खोजेको काम पनि गर्न पाइन्न । यसो सोच्नु त, यति सक्षम अर्थमन्त्री छन् देशमा । तर, आर्थिक रूपान्तरणतिर राजनीतिको ध्यान र बहस जानै पाएको छैन । यतिबेला विश्वराजनीति पनि नाजुक र अनिश्चयको बन्दी बनेको छ । जेट-फ्यूल महँगो मात्रै होइन, सिद्धिने लागेको भनेर धमाधम हवाइ उडान बन्द हुन लागे । महँगीले आकाश छोएको छ । ग्यास नपाएर भारतमा आन्दोलन सुरु भयो । मान्छे गरिब बन्दै छन् । जीवन-यापन कठीन बन्दै छ । खाद्य सुरक्षा र ऊर्जा सुरक्षाजस्ता विषयले सबै देशलाई चिन्तित बनाएको छ ।

हिजो ग्रो गरिरहेका देश पर्यटनदेखि औद्योगिक आउटपुटसम्म प्रभावित भएर जिडीपी नै सङ्कुचित हुनेतिर पुग्दै छन् । हामी पनि अछुतो छैनौं । पेट्रोलियममा कर घट्दा पनि मूल्य झन् बढेको छ । मान्छेको ढाड भाँचिने मूल्य छ तर आयल निगम घाटामै छ । राजश्व कम तर खर्च उच्च हुँदै छ । आयातको बिल पनि उच्च हुनेछ । रेमिटेन्स पनि दबाबमै होला । सेवा र उत्पादन दुबैतिर मन्दीका कारण रोजगारी पनि कटौती हुन सक्छ । विश्वकै रोजगारी निलिरहेको 'एआई' पनि छँदै छ ।

यो सिङ्गो विश्वका लागि कठीन समय हो । हाम्रो लागि पनि ! यतिबेला हाम्रो उच्च प्राथमिकता नागरिक जीवनयापन, जीवनस्तर, महँगी, बेरोजगारी, खाद्य सुरक्षा र ऊर्जा सुरक्षा हुनुपर्छ । अबको बहस स्वर्णिम वाग्लेहरूलाई केन्द्रमा राखेर हुनुपर्छ ।

सुनेको छु, यस्तो बेला तपाईं सुकुम्बासी बस्ती खाली गर्ने योजनामा हुनुहुन्छ । आशा गर्छु, पूर्वतयारी पनि होला । विकल्पको व्यवस्था पनि होला । वीरगञ्जमा कति धेरै घर भत्किएका दृश्य बाहिर आए । पुरानो शहर नै विरूप बन्यो । हिजो उचित मुआब्जाबिना जनताको घर भत्काउनु जायज होइन भन्ने तपाईंको अन्तर्वार्ता सुनेर कस्तो खुशी लागेको थियो, पक्कै उचित क्षतिपूर्तिको व्यवस्था भयो होला !

आज तपाईंलाई सम्बोधन गर्न खोजेको चाहिँ एकदम शुद्ध मनले सल्लाह दिनका लागि हो । एउटा कारुणिक चित्रले गर्दा जसरी यत्रो चुनाबी परिवर्तन सम्भव भयो, त्यस्तै चित्र तर विपरीत खालको बन्यो भने सत्ता सञ्चालन मुश्किल बन्न पनि सक्छ । हिजो हरेक आमालाई आफै सन्तान गुमाएजस्तै लागेको थियो । आज रुँदै गरेका बालबच्चा काखीमा च्यापेर डोजरमुनिबाट सडकमा आउँदै गरेकी कुनै महिलाको कारुणिक तस्बीरमा धेरैले आफ्नो अनुहार देख्न सक्छन् ।

पूर्जा भएर, विधिवत् नक्सा पास पनि भएर बनेका घर पनि डोजरले च्यातेको दृश्यले सबैलाई कारुणिक बनाउन सक्छ । राज्यको मनमा करुणा छैन, दया छैन र आत्मीयता छैन भन्ने कत्ति पनि लाग्न दिनु हुन्न । तर दुर्भाग्यवश यस्तो लाग्ने ठाउँ सरकार आफैले दिएको छ !

गणितले तपाईँलाई हराउन सक्ने ल्याकत कसैसँग छैन । त्यसैले विपक्षीले हरेक यस्तो चित्रको भरपूर प्रयोग गर्नेछन् । विपक्षी भनेका दलमात्रै होइनन्, तपाईंकै वरपर पनि हुन सक्छन् ।

# दलको नेतामा कांग्रेस अनिर्णयको बन्दी, अन्तिम समयमा निर्वाचन कार्यक्रम नै स्थगित



काँक्रेविहार संवाददाता
काठमाडौं, ११, वेशाख

प्रतिनिधि सभाको निर्वाचन भएको दुई महिना हुन लाग्दा पनि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलको नेता चयन प्रक्रियामा अनिर्णयको बन्दी बन्दै गएको छ।

युवा नेताहरू गगनकुमार थापा र विश्वप्रकाश शर्मासहितले हाँकिरहेको कांग्रेसमा अझै पनि प्रतिनिधिसभा संसदीय दलको नेता चयन प्रक्रिया टुंगिन नसकेको हो ।

जम्मा ३७ जना सांसदमध्ये दलको नेताका लागि २ देखि ३ जना मात्रै प्रतिस्पर्धामा हुँदा पनि कांग्रेस लामो समयदेखि अनिर्णयको बन्दी बनेको हो ।

दलको नेता चयनका लागि निर्वाचन तालिकासमेत सार्वजनिक भइसकेको कांग्रेसले हाललाई उक्त कार्यक्रम नै स्थगित गरेको छ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिले दलको नेता चयनसम्बन्धी चुनावी तालिका नै सार्वजनिक गरेको अवस्थामा नेतृत्वले त्यसलाई तत्कालका लागि रोकेको हो ।

निर्वाचन प्रक्रिया रोकिएसँगै कांग्रेसभित्र विशेष महाधिवेशनबाट नयाँ जनादेशसहित आएको नेतृत्वमा पनि उही पुरानै समस्या देखिएको छ ।

अन्तिम समयमा चयन प्रक्रिया रोकिएको पुष्टि निर्वाचन समिति सदस्य मुना भुसालले गरेकी छन् । उनले अब नयाँ प्रक्रिया कहिले सुरू हुन्छ भन्ने अनिश्चित रहेको बताएकी छन् ।

यसअघि नै दलको नेता सहमतिबाट चयन गर्न उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा सात सदस्यीय समिति बनाइएको थियो ।

सभापति थापा र उपसभापति शर्माबीच नेता भीष्मराज आङ्देम्बेलाई दलको नेता बनाउने सहमति भएको चर्चाबीच फेरि प्रक्रिया अनिश्चितकाललाई पछि धकेलिएको हो । तर गगन र विश्वप्रकाशबीच अझै पनि पूर्णसहमति नभएको चर्चा छ ।

कांग्रेसले बनाएको शर्मा समितिमा उपसभापति पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे पनि छन् । उता निर्वाचन समितिका संयोजक प्रकाश रसाइली 'स्नेही', मुना भुसाल र राजु कटुवाललाई पनि सदस्य तोकिएको छ

सहमति भएको चर्चाबीच कांग्रेसमा पुरानै समस्या दोहोरिने गरी दलको नेता चयनले झमेला बढाएको हो । सभापति थापाले रसुवा सांसद मोहन आचार्यलाई बोक्दा उपसभापति शर्माले समानुपातिक सांसद आङ्देम्बेलाई साथ दिएको बताइएको छ।

उता सभापति थापाका ससुरासमेत रहेकका अर्का समानुपातिक सांसद अर्जुननरसिंह केसीले सहमति नबनेको अवस्थामा आफू चुनावी प्रतिस्पर्धाका लागि तयार रहेको बताएका छन् । शीर्ष नेताबीचको मतभेद र दाबेदारबीच पनि एकमत हुन नसक्दा शुक्रबारका लागि तोकिएको दलका नेताको निर्वाचन नै भाँडिएको छ।

# नौ वर्षभित्र क्षयरोगमुक्त नेपाल बनाउन सम्भव छ ?

काँक्रेविहार संवाददाता
काठमाडौं, ११, वैशाख

सन् २०३५ सम्ममा क्षयरोग (टीबी)मुक्त मुलुक बनाउने सरकारी लक्ष्य छ। तर अहिले पनि नेपालमा दैनिक ४४ जनाले क्षयरोगकै कारण ज्यान गुमाउने गरेको तथ्यांक छ। दैनिक १९० भन्दा बढी क्षयरोगका नयाँ बिरामी थपिन्छन् ।

हाल अनुमानित ७० हजार क्षयरोगीमध्ये झन्डै ३० हजार जना स्वास्थ्य सेवाको पहुँच बाहिर रहेको यथार्थले यो रोग उन्मूलनमा चुनौती खडा गरेको तथ्यलाई पनि नकार्न सकिँदैन। राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले यसका लागि विभिन्न अभियान चलाइरहेको छ।

नेपालमा क्षयरोग उन्मूलनका लागि भइरहेका प्रयास र चुनौतीका विषयमा केन्द्रित रहेर केन्द्रका निर्देशक डा. भुवन पौडेलसँग गरिएको कुराकानीको सम्पादित अंश :

**तपाईंले राष्ट्रिय क्षयरोग केन्द्रको नेतृत्व सम्हाल्दै गर्दा अर्थात् अहिले नेपालमा क्षयरोगबाट दैनिक ४४ जनाको ज्यान गइरहेको डरलाग्दो तथ्याङ्क छ। यसलाई रोकथाम गर्न तपाईंको प्राथमिक 'भिजन' के छ ?**

तपाईंले उल्लेख गर्नुभएको ४४ को संख्या केवल तथ्याङ्क मात्र होइन, यो हरेक दिन ४४ नेपाली परिवारले भोगिरहेको वियोग हो। क्षयरोगले मानिसलाई अचानक मार्दैन, यसले बिस्तारै गलाउँदै लैजान्छ। धेरैले यसलाई साधारण खोकी ठानेर बेवास्ता गर्छन् वा सामाजिक लान्छनाका कारण रोग लुकाउँछन्। हाम्रो ९० वर्ष लामो संस्थागत प्रयासका बावजुद सोचेजस्तो सफलता मिल्न सकेको छैन।

मेरो प्राथमिक भिजन भनेको प्रविधि र पहुँचको सरलीकरण हो। अब हामी बिरामी अस्पताल आउने पर्खाइमा बस्ने छैनौं। हामी एआई जडित एक्सरे र पीसीआर जस्ता 'गोल्ड स्ट्यान्डर्ड' प्रविधि बोकेर समुदायको दैलोमै पुग्नेछौं। राज्यको स्रोत र साधनको उच्चतम सदुपयोग गर्दै 'सक्रिय खोज' लाई तीव्र बनाउनु नै मेरो मुख्य योजना हो। हाम्रो एउटै लक्ष्य छ– कोही पनि बिरामी नछुटून् र कोही पनि उपचार नपाएर नमरोस्।

**करिब ३० हजार बिरामी अझै पनि स्वास्थ्य प्रणालीको पहुँचबाहिर रहेको अनुमान छ। ती लुकेका बिरामीलाई उपचारको दायरामा ल्याउन केन्द्रले कस्तो 'आक्रामक' रणनीति बनाउँदै छ ?**

३० हजार बिरामीलाई उपचार प्रणालीको पहुँचमा ल्याउन नसक्नु जनस्वास्थ्यका लागि गम्भीर खतरा हो, किनकि एकजना सक्रिय रोगीले समुदायका धेरै स्वस्थ व्यक्तिलाई संक्रमण सारिरहेको हुन्छ। यसलाई चिर्न हामीले 'सक्रिय खोज पड्ताल रणनीति' अघि सारेका छौं। हाम्रा घुम्ती टोलीहरू अब बस्ती-बस्ती पुग्नेछन्।

यसका लागि हामीले दुईवटा मुख्य शक्तिलाई जोड्दै छौं। पहिलो– महिला स्वास्थ्य स्वयंसेविका, जो गाउँ-टोलका हरेक घरसँग परिचित हुनु हुन्छ। दोस्रो– युवा र विद्यार्थी परिचालन। क्षयरोग निवारण केवल चिकित्सकको मात्र दायित्व होइन। विद्यालय शिक्षा र युवा सञ्जालमार्फत सामाजिक विभेद हटाउन र शङ्कास्पद बिरामीलाई स्वास्थ्य संस्थासम्म ल्याउन हामीले स्पष्ट मार्गचित्र बनाएका छौं। यदि कसैलाई दुई हप्ताभन्दा बढी खोकी लाग्ने, साँझपख ज्वरो आउने वा तौल घट्ने लक्षण छ भने उहाँहरूलाई उपचारमा ल्याउन समुदायले सक्रिय भूमिका खेल्नुपर्छ।

**औषधि निःशुल्क भए पनि ५१ प्रतिशतभन्दा बढी बिरामीले उपचारका क्रममा ठुलो आर्थिक भार (क्याटास्ट्रोपिक कस्ट) बेहोर्नुपरेको छ। यो गरिबीको दुष्चक्रलाई तोड्न अन्य निकायहरूसँग कसरी समन्वय गर्दै हुनुहुन्छ ?**

यो निकै तितो यथार्थण हो। क्षयरोग केवल कीटाणुको संक्रमण मात्र होइन, यो गरिबी र सामाजिक पछौटेपनसँग जोडिएको समस्या हो। अस्पतालमा औषधि निःशुल्क भए पनि दुर्गमबाट आउने गाडीभाडा र पोषिलो खानपानको खर्च जुटाउन नसक्दा बिरामीले जायजेथा बेच्नुपर्ने अवस्था छ।

यसलाई समाधान गर्न हामीले 'शून्य आर्थिक जोखिम' को लक्ष्य राखेका छौं। हामीले स्वास्थ्य बीमा बोर्डसँग समन्वय गरेर विशेषगरी जटिल (बहुऔषधि प्रतिरोधी) क्षयरोगका बिरामीलाई पूर्णतः निःशुल्क बीमा कभर दिने व्यवस्था सुरु गरेका छौं। साथै, स्थानीय तहहरूसँग मिलेर अति गरिब बिरामीका लागि यातायात र पोषण भत्ता उपलब्ध गराउन नीतिगत सहजीकरण भइरहेको छ। निजी क्षेत्रसँगको साझेदारीलाई पनि बलियो बनाइएको छ, ताकि निजी अस्पताल जाने बिरामीले पनि सरकारी सरहकै सहुलियत पाऊन्।

**आधुनिक प्रविधिको प्रयोगबिना सन् २०३५ सम्ममा क्षयरोग अन्त्य गर्ने लक्ष्य असम्भव जस्तै देखिन्छ। दूरदराजका नागरिकले एआई र आधुनिक मेसिनबाट परीक्षण पाउने सुनिश्चितता कसरी गरिन्छ ?**

प्रविधि अब विलासिता होइन, यो हाम्रो अनिवार्य हतियार हो। हामीले आधुनिक उपकरणहरूलाई काठमाडौंमा मात्र सीमित नराखी विकेन्द्रीकृत गरिरहेका छौं। सातै प्रदेशमा 'अल्ट्रा-पोर्टेबल एआई एक्सरे' मेसिनहरू परिचालन गरिँदै छ, जसलाई विकट बस्तीसम्म लैजान सकिन्छ।

त्यस्तै, जिल्ला सदरमुकामसम्म पीसीआर र जीन एक्सपर्ट मेसिन विस्तार गर्ने हाम्रो लक्ष्य छ। मेसिन नभएका ठाउँबाट खकार संकलन गरी 'ढुवानी संयन्त्र' मार्फत निःशुल्क परीक्षण केन्द्रसम्म पुर्‍याउने र नतिजा अनलाइनबाट तुरुन्तै पठाउने व्यवस्था मिलाइएको छ। हाम्रो उद्देश्य भनेको प्रविधिको अभावमा कोही पनि नेपालीले रोग पालेर बस्नु नपरोस् भन्ने नै हो। **'क्षयरोगमुक्त नेपाल' अभियानमा स्थानीय सरकारको भूमिका कस्तो देख्नुहुन्छ ? केन्द्रले स्थानीय तहहरूसँग कसरी मिलेर काम गरिरहेको छ ?**

संघीय सरकारले नीति, औषधि र प्रविधि दिने हो, तर बिरामीको घर पुग्ने त स्थानीय सरकार नै हो। हाल करिब १५० स्थानीय तहमा यो अभियान सञ्चालनमा छ, तर हाम्रो लक्ष्य ७५३ वटै पालिकालाई क्षयरोगमुक्त बनाउनु हो।

हामीले पालिकाहरूलाई आफ्ना नागरिकको स्वास्थ्य प्रोफाइल तयार पार्न र क्षयरोगका लागि छुट्टै बजेट विनियोजन गर्न प्रोत्साहित गरिरहेका छौं। जुन पालिकाले उत्कृष्ट काम गर्छ, उसलाई राष्ट्रिय स्तरमै सम्मान र थप स्रोत दिने नीति लिएका छौं। जबसम्म वडा अध्यक्ष र मेयरले 'मेरो वडा क्षयरोग मुक्त वडा' भनेर अपनत्व लिनुहुन्न, तबसम्म यो लक्ष्य भेट्न कठिन हुन्छ। त्यसैले स्थानीय सरकार नै यस अभियानको वास्तविक 'ड्राइभर' हो।

**युवा र नागरिक समाजलाई यस अभियानमा जोड्ने यहाँको योजना के छ ?**

चिकित्सा विज्ञानले रोगको उपचार गर्छ, तर समाजले रोगको जरा उखेल्नुपर्छ। हामीले विद्यालयको पाठ्यक्रममार्फत क्षयरोगबारे सचेतना फैलाउने र विद्यार्थीलाई 'सूचना संवाहक' बनाउने सोच राखेका छौं। सामाजिक सञ्जालमा सक्रिय युवाहरूलाई 'क्षयरोग विरुद्धका च्याम्पियन' का रूपमा परिचालन गरिनेछ। उनीहरूले समाजमा व्याप्त सामाजिक लान्छना हटाउन र जनचेतना फैलाउन सेतुको काम गर्नेछन्। युवा शक्तिको ऊर्जाबिना सन् २०५० सम्मको दीर्घकालीन लक्ष्य भेट्न असम्भव छ।

**'हो, हामी क्षयरोग अन्त्य गर्छौं' नारालाई सार्थक बनाउन के सर्वसाधारणलाई के सन्देश दिनुहुन्छ ?**

क्षयरोग लुकाउने होइन, उपचार गरेर जित्ने रोग हो। यो नारा केवल सरकारी भित्तामा टाँसिने शब्द होइन, यो हामी सबैको साझा राष्ट्रिय संकल्प हो। यदि तपाईं वा तपाईंको छिमेकमा कसैलाई शंकास्पद लक्षण छ भने नहिच्किचाई नजिकैको स्वास्थ्य संस्थामा जानुहोस्। परीक्षण र औषधि पूर्णतः निःशुल्क छ। क्षयरोग प्रभावितलाई समाजले तिरस्कार होइन, माया र हौसला दिनुपर्छ। हामी सबै एकाकार भयौं भने मात्र 'क्षयरोग मुक्त नेपाल' को सपना साकार हुन्छ।

# प्राथमिकतामा पात्माघाट सडक

काँक्रेविहार संवाददाता
कालीकोट, ११, वेशाख

मन्त्रीपरिषद्को निर्णयपछि महावै गाउँपालिका मात्र होइन, समग्र कालीकोटका नागरिकमा खुशी छाएको छ।

स्थानीयका अनुसार प्रदेश सरकारले जिल्लाको प्रमुख समस्या पहिचान गरी समाधानतर्फ अग्रसर भएको छ। महावै गाउँपालिकाको केन्द्रसम्म सडक पहुँच विस्तार गर्न सेरावाडा-पात्माघाट सडक निर्माणका लागि ५१ करोड रुपैयाँ बजेट सुनिश्चित भई ठेक्का प्रक्रिया अघि बढिसकेको छ।

यसमध्ये १० करोड प्रदेश सरकारले विनियोजन गरेको छ भने बाँकी रकम विश्व बैंकले व्यवस्थापन गर्नेछ। कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले महावै गाउँपालिका केन्द्रसँग सडक नजोडिएको एक मात्र स्थानीय तह भएकाले यसलाई प्राथमिकतामा राखिएको बताए।

उनका अनुसार प्रदेश सरकार संघसँगको समन्वयमा अन्य स्थानीय तहमा पनि सडक विस्तार अभियान अघि बढाइरहेको छ।

कर्णाली राजमार्गदेखि पादमघाट हुँदै महावै गाउँपालिका केन्द्र जोड्ने करिब छ किलोमिटर सडक निर्माणका लागि ठेक्का भई काम सुरु गर्ने तयारी भइरहेको छ।

महावै गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंहले प्रदेश सरकारले स्थानीय समस्या सम्बोधन गरेको भन्दै संघीय सरकारबाट मन्त्रीपरिषद्को निर्णय भएपछि काम अझ सहज हुने विश्वास व्यक्त गरे। कठिन भौगोलिक अवस्थाका कारण पछाडि परेको महावै अब सडक सञ्जालमा जोडिनेमा स्थानीय आशावादी छन्।

# सात वर्षसम्म बनेन अस्पताल



काँक्रेविहार संवाददाता
जुम्ला, ११, वेशाख

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ सालमा देशभरका स्थानीय तहमा पाँच देखि १५ बेड क्षमताका अस्पताल निर्माण गर्ने योजना अघि सारेपछि कर्णाली प्रदेशका ४१ स्थानीय तहमा ४२ अस्पताल निर्माणका लागि छनोट गरिएको थियो।

जसमध्ये जुम्लाका कनकासुन्दरी र तिला गाउँपालिका पनि समावेश थिए। कनकासुन्दरी गाउँपालिकामा १५ बेड क्षमताको अस्पताल निर्माणका लागि २०७७ मंसिरमा शिलान्यास गरिएको थियो। कनकासुन्दरी-५ हाटसिंजामा निर्माण हुने उक्त अस्पताल सात वर्ष बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन।

करिब १८ करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको परियोजना १५ करोड रुपैयाँमा ठेक्का लागेको थियो। तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य भए पनि ठेकेदार कम्पनीको लापरबाहीका कारण काम लामो समयसम्म अलपत्र परेको थियो।

निर्माण कम्पनीले पेश्की रकम लिएर काम अघि नबढाएपछि स्थानीयवासी निराश बनेका थिए। स्थानीय २२ जनाले निःशुल्क रूपमा ३५ सय वर्गमिटर जग्गा उपलब्ध गराए पनि निर्माण कार्यले गति लिन सकेन। ठेकेदारको लापरबाहीसँगै गाउँपालिकाको कमजोर निगरानीका कारण परियोजना ढिलाइ भएको बताइएको छ।

हाल भने निर्माण कार्यले गति लिन थालेको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दीपेन्द्र भण्डारीका अनुसार मुख्य ठेकेदारको निधनपछि नयाँ निर्माण व्यवसायीले जिम्मेवारी लिएसँगै काम अघि बढेको हो। अहिले भवनको पहिलो तला ढलानको चरणमा पुगेको छ। यसैबीच, तिला गाउँपालिका-३ कुडारीमा निर्माणाधीन १० बेड क्षमताको अस्पताल पनि निर्धारित समयमै सम्पन्न हुन सकेको छैन।

२०७७ मंसिर २१ गते शिलान्यास गरिएको उक्त अस्पताल २०७९ माघसम्म सम्पन्न गर्ने लक्ष्य भए पनि सात वर्ष बितिसक्दा पनि निर्माण कार्य पूरा भएको छैन। संघीय सरकारको करिब १२ करोड रुपैयाँ बजेटमा निर्माण भइरहेको अस्पताल ढिलाइ हुँदा स्थानीयवासी सेवा पाउनबाट वञ्चित छन्। समयमै उपचार नपाउँदा समस्यामा परेका तिलावासी गाउँमै गुणस्तरीय स्वास्थ्य सेवा पाउने प्रतीक्षामा छन्। तिला गाउँपालिका अध्यक्ष मोतिलाल रोकायाका अनुसार निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। उनले निर्माण कम्पनीले चालु आर्थिक वर्षभित्रै अस्पताल हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएको जानकारी दिए। हाल झ्याल-ढोका जडान र रङरोगनका काम बाँकी छन्।

# यातायात सेवा कार्यालय स्थापना, सेवाग्राहीलाई सहजता

काँक्रेविहार संवाददाता
टिकापुर, ११, वेशाख

कैलालीको पूर्वी क्षेत्रका सेवाग्राहीलाई लक्षित गर्दै लम्कीचुहा नगरपालिका चार बलियामा यातायात व्यवस्था सेवा कार्यालय स्थापना गरिएको छ। सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले शुक्रबार एक समारोहबीच कार्यालयको उद्घाटन गरे। उद्घाटन कार्यक्रममा बोल्दै मुख्यमन्त्री शाहले नागरिकलाई घरनजिकै सहज सेवा उपलब्ध गराउने उद्देश्यले कार्यालय सञ्चालनमा ल्याइएको बताए। उनका अनुसार आगामी दिनमा यहाँबाट प्रदान गरिने सेवाहरू थप विस्तार गरिनेछ। सङ्घीयता कार्यान्वयनअघि सुदूरपश्चिममा धनगढी र महेन्द्रनगरमा मात्र यातायात कार्यालय सीमित थिए। प्रदेश सरकार गठनपछि डडेलधुरा र डोटीमा कार्यालय स्थापना भइसकेका छन् भने लम्कीमा खुलेको यो पाँचौं कार्यालय हो। प्रदेश मन्त्रिपरिषद्को २०८२ मङ्सिर २४ गतेको निर्णयअनुसार सेवा विकेन्द्रीकरण गर्ने क्रममा यो कार्यालय सञ्चालनमा ल्याइएको हो।

भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव विष्णु भण्डारीका अनुसार कार्यालयले गत चैत २४ गतेदेखि परीक्षणका रूपमा सेवा सुरु गरिसकेको थियो। सो अवधिमा बिलबुक नवीकरणबाट मात्रै १३ लाख रुपैयाँभन्दा बढी राजस्व सङ्कलन भएको छ। उनले लाइनमा होइन अनलाइनमा, भिडमा होइन प्रविधिमा भन्ने सरकारी नीति अनुसार सेवा विस्तार गरिने जानकारी दिए। दहाल



बिलबुक र लाइसेन्स नवीकरण सेवा सुरु गरिएको छ भने मागअनुसार अन्य सेवा थपिनेछ। कार्यालय सञ्चालनका लागि स्थानीय झुप्रे रावतले पाँच वर्षका लागि सात कोठाको भवन र पार्किङ क्षेत्र निःशुल्क उपलब्ध गराउनुभएको छ। लामो समयदेखिको माग पूरा भएपछि स्थानीयवासी र जनप्रतिनिधिहरूले खुशी व्यक्त गरेका छन्। उद्घाटन कार्यक्रममा प्रतिनिधिसभा सदस्य प्रेमबहादुर बयक, प्रदेश सभा सदस्य रामेश्वर चौधरी, टीकापुर नगरपालिकाका कार्यवाहक प्रमुख रामबहादुर नगार्जीसहित विभिन्न स्थानीय तहका जनप्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# प्रथम छायाँनाथ अल्ट्रा रेस आयोजना हुँदै

काँक्रेविहार संवाददाता
मुगु, ११, वेशाख

जिल्लाको कार्मारोङ गाउँपालिकामा 'प्रथम छायाँनाथ अल्ट्रा रेस' प्रतियोगिता आयोजना हुने भएको छ। मुगुम कार्मारोङ गाउँपालिकाको आयोजना र अल नेपाल स्पोर्ट्स फाउन्डेसनको सहकार्यमा आगामी जेठ तिन गते पुलुमा छायँनाथ अल्ट्रारेस आयोजना गर्न लागिएको हो। किम्रिबाट सुरु हुने अल्ट्रारेस छायाँनाथ, चिताइकुना हुँदै पुलुमा पुगेर समापन हुनेछ। प्रतियोगिताको प्राविधिक सहयोग नेपाल एड्भेन्चर रनिङ महासंघले गर्नेछ। प्रतियोगिता ३० किलोमिटर अल्ट्रारेसमा महिला तथा पुरुषको छुट्टाछुट्टै प्रतिस्पर्धा हुनेछ। यस्तै स्थानीयका लागि पाँच किलोमिटरको छुट्टै फन रन विधा छुट्याइएको छ।

प्रतियोगितामा सहभागी हुन अनलाइन तथा अफलाइन दुवै माध्यमबाट निशुल्क गर्न सकिने जनाइएको छ प्रतियोगिताका विजेता खेलाडीले नगद पुरस्कारसँगै मेडल र प्रमाणपत्र प्राप्त मुगुम कार्मारोङ गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्रे लामाले बिहीबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए ।

प्रतियोगिताको महिला तथा पुरुषतर्फका उपाधि विजेता खेलाडीले दुई लाख रुपियाँ पुरस्कार पाउने छन्। यस्तै दोस्रोले एक लाख ५० हजार, तेस्रो हुने खेलाडीले एक लाख, चौथोले ७५ हजार र पाँचौं स्थान हासिल गर्ने खेलाडीले ५० हजार रुपियाँ पुरस्कार प्राप्त गर्ने छन्। यसैगरी स्थानीयतर्फका विजेता खेलाडीलाई ३० हजार, दोस्रोलाई २० हजार र तेस्रो हुने खेलाडीलाई १० हजार रुपियाँ पुरस्कार प्रदान गरिने छ। प्रतियोगिता सञ्चालनका लागि करिब ९८ लाख रुपियाँ लाग्ने अनुमान गरिएको छ। छायाँनाथ धाम प्राकृतिक सौन्दर्य, हिमाली भू-परिवेश र धार्मिक आस्थाको संगमका रूपमा परिचित भए पनि पर्याप्त पूर्वाधार र प्रचारप्रसारको अभावले यसको सम्भावना उजागर हुन नसकेको अवस्थामा खेलकुदका माध्यमबाट यस क्षेत्रको प्रचार गर्ने गर्ने अभियानले प्रतियोगिता आयोजना गर्न लागिएको अध्यक्ष लामाले बताए।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# अन्तरनिकाय सहकार्यको नयाँ अभ्यास



काँक्रेविहार संवाददाता
सल्यान, ११ वैशाख

कपुरकोट गाउँपालिकामा अन्तरनिकाय सहकार्यको नयाँ अभ्यास सुरु गरिएको छ। आगामी आर्थिक वर्ष २०८३/८४ का कार्यक्रमहरूलाई प्रभावकारी बनाउने उद्देश्यले गाउँपालिकाले विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य विस्तार गर्ने पहल गरेको हो।

यसै सन्दर्भमा अन्तरक्रिया तथा पूर्वबजेट छलफल सम्पन्न भई आगामी वर्षका लागि साझा योजना तय गरिएको छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिनेश पौडेलको संयोजकत्वमा सम्पन्न बैठकले अन्तरनिकाय सहकार्यको ढाँचा र प्राथमिकताहरू निर्धारण गरेको छ।

बिहीबार आयोजित छलफलमा गाउँपालिका, वनस्पति अनुसन्धान केन्द्र सल्यान, राष्ट्रिय अदुवाबाली अनुसन्धान कार्यक्रम, सामुदायिक वन उपभोक्ता महासंघ, सब-डिभिजन कार्यालय तथा विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरूबीच जनसरोकारका विषय, अनुसन्धान तथा विकासका सम्भावनाबारे विस्तृत छलफल भएको थियो।

वनस्पति अनुसन्धान केन्द्रका प्रमुख वैज्ञानिक अधिकृत डा. मित्र पाठकका अनुसार उक्त छलफलले आगामी वर्ष सहकार्य गर्न सकिने प्रमुख क्षेत्रहरूको प्राथमिकता तय गरेको छ। छलफलबाट विभिन्न साझेदारी कार्यक्रम अघि बढाउने निर्णय गरिएको छ। गाउँपालिका, वनस्पति अनुसन्धान केन्द्र र राष्ट्रिय अदुवाबाली अनुसन्धान कार्यक्रमको सहकार्यमा प्रत्येक वर्ष जेठ महिनामा "रासायनिक विषादी न्यूनीकरण सप्ताह" सञ्चालन गरिनेछ। साथै अदुवाबाली अनुसन्धान कार्यक्रमसँगको सहकार्यमा ट्राइकोडर्मा (जैविक ढुसी) उत्पादन तथा विस्तार कार्यक्रम आगामी आर्थिक वर्षमा समावेश गरिनेछ।

गैरसरकारी संस्था दलित विकास समाज नेपालको सहकार्यमा जलवायु अनुकूल योजना निर्माण गर्ने तयारी गरिएको छ। त्यस्तै आइपिएस नेपालको सहयोगमा "यौन तथा प्रजनन स्वास्थ्यका लागि स्वास्थ्य प्रणाली सुदृढीकरण" कार्यक्रम कपुरकोटमा कार्यान्वयन गर्ने प्रारम्भिक समझदारी समेत भएको छ।

वनस्पति अनुसन्धान केन्द्रसँगको सहकार्यमा गाउँपालिकाको 'बायोडाइभर्सिटी प्रोफाइल' तयार गरिनेछ। त्यस्तै सामुदायिक वन उपभोक्ता महासंघ, सब-डिभिजन कार्यालय र गाउँपालिकाको साझेदारीमा "कोसेली घर" सञ्चालन गर्ने निर्णय गरिएको छ। यसका लागि गाउँपालिकाले बीउ पुँजी उपलब्ध गराई सार्वजनिक-निजी साझेदारी (एएए) मोडेलमा कार्यक्रम सञ्चालन गरिने छ। सामुदायिक वनसँगको सहकार्यमा मागमा आधारित आयआर्जन कार्यक्रम सञ्चालन गर्ने, पशुपालन प्रवर्द्धनका लागि अम्रिसो खेती विस्तार गर्ने तथा मिचाहा वनस्पति 'बनमारा' बाट जैविक मल उत्पादन कार्यक्रम पाइलटिङ्का रूपमा सुरु गर्ने योजना पनि तय गरिएको छ। यसैगरी दलित विकास समाजसँगको सहकार्यमा चालु आर्थिक वर्षभित्रै "कपुरकोट गाउँपालिका युवा ऐन" निर्माण गरिनेछ। साथै गाउँपालिकाभित्र रहेको 'बेरोजगार बैंक' अद्यावधिक गरी आवश्यक जनशक्ति सोही बैंकमार्फत ज्यालादारीमा परिचालन गर्ने व्यवस्था मिलाइने निर्णय गरिएको छ।

अन्तरनिकाय सहकार्यलाई निरन्तरता दिन प्रत्येक त्रैमासिक रूपमा साझेदार निकायबीच समन्वय बैठक बस्ने निर्णय गरिएको प्रमुख प्रशासकीय अधिकृत पौडेलले जानकारी दिए। कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, विभिन्न शाखा प्रमुखहरू तथा सम्बन्धित सरकारी र गैरसरकारी निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

# बालबालिकाको क्षेत्रमा बजेट वृद्धि

काँक्रेविहार संवाददाता
सुर्खेत, ११ वैशाख

कर्णाली प्रदेश सरकारले बालबालिकाको क्षेत्रमा लगानी बढाउँदै लगेको देखिएको छ। चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकारले कुल बजेटको पाँच प्रतिशतभन्दा बढी हिस्सा बालबालिकाको क्षेत्रमा विनियोजन गरेको छ। जुन विगतका वर्षहरूको तुलनामा उल्लेखनीय वृद्धि हो।

बालविवाहविरुद्धको अभियान (सिसिआर) कर्णाली प्रदेशले प्रदेश सरकारसँगको समन्वयमा गरेको तीन आर्थिक वर्षको बजेट विश्लेषणले यस्तो तथ्य देखाएको हो। यसअनुसार विगतमा बालबालिकाको क्षेत्रमा बजेट झण्डै दुई प्रतिशतमा सीमित थियो। विश्लेषण अनुसार आर्थिक वर्ष २०८०/८१ मा प्रदेश सरकारले पुँजीगततर्फ विनियोजन गरेको १९ अर्ब ५७ करोड ७२ लाख ४३ हजार बजेटमध्ये ४९ करोड ४१ लाख ३३ हजार अर्थात् २.५२ प्रतिशत बालबालिकाको क्षेत्रमा छुट्याइएको थियो।

त्यसैगरी अर्को आर्थिक वर्षमा १८ अर्ब ७५ करोड ५१ लाख ६८ हजार पुँजीगत बजेटमध्ये ५८ करोड ९६ लाख ३५ हजार अर्थात् ३.१४ प्रतिशत बजेट बालबालिकाका लागि विनियोजन गरिएको थियो। चालु आर्थिक वर्षमा भने यो हिस्सा बढेर एक अर्ब ७२ करोड ९८ लाख ७४ हजार अर्थात् ५.२४ प्रतिशत पुगेको छ। सिसिआर कर्णाली प्रदेशका कार्यकारी निर्देशक टेकराज आचार्यका अनुसार विगतमा न्यून बजेट छुट्याउने प्रवृत्ति भए पनि पछिल्ला वर्षहरूमा सुधार देखिएको छ।

उनले बजेट विश्लेषण गर्दा बालअधिकारसँग सम्बन्धित विभिन्न क्षेत्रलाई समेटिएको र विद्यालय पूर्वाधार निर्माणलाई समेत बालबालिकाको क्षेत्रमा गरिएको लगानीका रूपमा गणना गरिएको जानकारी दिए।

यसैबीच, सिसिआर कर्णालीले हालै आयोजना गरेको कार्यक्रममा बालबालिकामा लगानी नगरी समृद्धि हासिल गर्न नसकिने निष्कर्ष निकालिएको छ। सहभागीहरूले संघ, प्रदेश र स्थानीय तहका सरकारले बालमैत्री योजना तथा कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने सुझाव दिएका छन्।


## घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

**हुलाक निर्देशनालय, सुर्खेत**

**सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५**

## सम्पदा जोगाऔं, पहिचान बचाऔं।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं। सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुर्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

**सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय**

## सडक सुरक्षा र सडकको सुरक्षाका लागि यस आयोजनाबाट आम सडक प्रयोगकर्ताहरूमा गरिएको अनुरोध

- जथाभावी बाटो नकाटौं।
- ट्राफिक नियमको पालना (पैदल यात्रु, सवारी चालक र यात्रीहरु) सबैले गरौं।
- सडकमा फोहर नफालौं, घर/टहराबाट निस्केको ढल फोहर पानी सडक र नालीमा नमिसाऔं।
- कालोपत्रे सडकमा पानी चुहाएर निर्माण सामग्रीहरुको ढुवानी नगरौं।
- ओभरलोड तथा अत्यधिक गतिमा सवारी नचलाऔं।
- निर्माण सामाग्री लगायतका सरसामानहरु सडक सिमा क्षेत्र भित्र नथुपारौं।
- सडक मापदण्ड/सिमा मिचिर घर टहरा निर्माण गरी सडक अतिक्रमण नगरौं।
- राजमार्गसँग जोडने गरी सहायक सडक खोल्नु परेमा सम्बन्धी योजना कार्यालयसँग अनुमति लिएर मात्र खोलौं।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)